HAMS HOSPITAL
Evidence Based Medicine
ISO 9001:2015 Certified
SINCE 1997

Dhumbarahi, Mandikhatar Road, Nepal
Tel.: 01-4377404, 9802377404
E-mail: info@hamshospital.com
@HAMSHospitalNepal

## प्रेस विज्ञप्ति

# 'इमर्जेन्सी नर्सिङ तालिम' सुरु गर्दै ह्याम्स अस्पताल

### {इमरजेन्सी नर्स तालिम सुरु गर्ने नीजि क्षेत्रको पहिलो अस्पताल बन्यो ह्याम्स}

हामीले नीजि क्षेत्रबाट नेपालमै पहिलोपटक तीन महिने इमर्जेन्सी नर्सिङ तालिम सुरु गर्न लागेका छौं । चैत ६ गतेवाट तालिम सुरु हुनेछ । यसका लागि इच्छुक नर्सले यही फागुन २५ गतेभित्र फारम भरिसक्नुपर्नेछ ।

अस्पतालको इमर्जेन्सी सवैभन्दा महत्वपूर्ण विभाग हो । यहाँ काम गर्ने नर्सहरुले सवै खालका इमर्जेन्सी विरामी हेर्नुपर्छ र गुणस्तरीय सेवा दिन सक्नुपर्छ । यसैलाई दृष्टिगत गरेर हामीले यो तालिम सुरु गर्न लागेका छौं ।

हामीले 'सोसाइटी अफ इमर्जेन्सी नर्सेस अफ नेपाल' सँग सहकार्य गरेर ३० जना नर्सलाई पहिलो चरणमा तालिम उपलव्ध गराउँदैछौं । इमर्जेन्सी विभागमा विभिन्न प्रकारका विरामी पनि आउने हुँदा सुरुमा उनीहरुले पाउने उपचारको आधारमा नै पछिको उपचार निर्धारण हुन्छ । इमर्जेन्सी विभागमा काम गर्ने नर्सहरुलाई अझ धेरै ज्ञान तथा पेशागत सिपको विकास गरेर विरामीलाई गुणस्तरीय नर्सिङ्ग सेवा प्रदान गर्ने हाम्रो मुख्य उद्देश्य हो ।

धन्यावाद ।

२०७८ साल फाल्गुण ९ गते सोमवार ।

HOSPITAL FOR ADVANCED MEDICINE AND SURGERY
SINCE 1997
HAMS

वरुणा पौडेल
नर्सिङ डाइरेक्टर